# पुस्तक समीक्षा

सुजीव शाक्य । सन् २०१८ । *अर्थात् अर्थतन्त्र : नेपाली इलम र उद्यमको यात्रा* । काठमाडौँ : पब्लिकेसन नेपालय ।

नेपालको वर्तमान अर्थ-राजनीतिको दुरावस्थाको मूल्यांकन गर्न केही परिसूचकहरू पर्याप्त छन् । भर्खरैका वर्षहरूमा वार्षिक व्यापार घाटा कूल गार्हस्थ्य उत्पादनको ३० प्रतिशतसम्म हुने गरेको छ । बेरोजगारी ५० प्रतिशतसम्म रहेको कुरा विश्व बैंकको आधिकारिक तथ्यांकले देखाउँछ । लाखौँ युवा रोजगारीका लागि मलेशिया, कतार, साउदी अरब जस्ता खाडी मुलुकहरू लगायत दक्षिण कोरिया, जापानतिर पलायन छन् । वार्षिक प्रतिव्यक्ति आय ९०० डलरभन्दा कम छ । अर्थतन्त्रको यो विकराल अवस्थामा *अर्थात् अर्थतन्त्र: नेपाली इलम र उद्यमको यात्रा* पुस्तकले नेपाली अर्थतन्त्रका विभिन्न आयामबारे सूक्ष्म विश्लेषण पस्केको छ । लेखकले पुस्तकमा ऐतिहासिक पृष्ठभूमि दिँदै सरकार, निजी क्षेत्र र जनताले अर्थतन्त्र सुधार्न तत्कालै चाल्नुपर्ने कदम र निभाउनुपर्ने दायित्वबारे सचेत गराएका छन् ।

कूल ३४० पृष्ठको यो पुस्तक लेखक सुजीव शाक्यले "मैना धितालको सहकार्यमा लिखित" भनी भित्री पृष्ठमा उल्लेख गरेका छन् । तीन भाग र १२ खण्डमा विभाजित पुस्तकको पहिलो भागका दुई खण्ड "एकलकाँटे नेपाल" र "मिश्रित अर्थतन्त्र : गोलमाल नतिजा" मा २०४६ अघिको इतिहासलाई मूलत: आर्थिक दृष्टिकोणले व्याख्या गरिएको छ । राजा पृथ्वीनारायण शाहको कार्यकाल देखिका विभिन्न शासन व्यवस्थाका चलन, कानून र संस्कृतिको असरबारे यो खण्ड केन्द्रित छ । दोस्रो भागका छ ओटा खण्डमा २०४६ पश्चात् देखापरेका उदारीकरण, विश्वव्यापारीकरण, वैदेशिक सहयोग, माओवादी विद्रोह, र निजी क्षेत्र जस्ता अर्थ-राजनीतिक विषयलाई केलाउने प्रयास गरिएको छ । अन्तिम भागका चार खण्ड वर्तमानको अर्थ-राजनीतिका साथै भविष्यमा समाजलाई समता र उन्नतितर्फ डोऱ्याउन मार्गनिर्देशन र सुझावमा केन्द्रित छन् । पुस्तकले आर्थिक समुन्नति, सुशासन, र विकासबारे तथ्यगत विश्लेषण पस्केको छ भने आर्थिक असमानता र वर्तमान अर्थ-राजनीतिसँग सांस्कृतिक पक्षको सम्बन्धबारे भने पुस्तकमा खासै चर्चा छैन ।

पुस्तकको पहिलो खण्ड "एकलकाँटे नेपाल" मा लेखकले जग्गाजमीनको बहाल (रेन्ट) मा आधारित कमाइ प्रतिको सोच वा बहाले प्रवृत्ति (रेन्टियर मेन्टालिटी) नेपालमा केही शताव्दीदेखि नै हावी भएको ठम्याएका छन् । यस प्रवृत्तिले व्यक्तिलाई रचनात्मक काममा लाग्नभन्दा भएको स्रोतको उपयोग गर्दै अरूमा आस्रित बन्न प्रोत्साहन दिन्छ । खासमा यो शैली संसारभर नै कायम भएको हो र विकसित मुलुकमा अहिले पनि विद्यमान छ ।

नेपालमा पनि कुलीन र सम्पन्नशाली वर्गले यो प्रवृत्तिलाई वर्तमानसम्म पनि आत्मसात गरेको लेखकको बुझाइ छ । इतिहासका चालचलनले समूहगत कार्यव्यवहार (कलेक्टिभ वर्क-एथिक) मा निश्चय पनि प्रत्यक्ष-परोक्ष प्रभाव त पार्छ, तर केही विकसित मुलुकको संवृद्धिको मार्ग केलाउँदा सदियौँको यो चलन एकदमै खराब भने ठहर्दैन । नेपालको अर्थतन्त्रको सन्दर्भमा यसको असर कुन हद र मात्रामा परेको छ भन्नेबारे लेखक धेरै स्पष्ट छैनन् । फेरि, बहालमा आधारित कमाइ नै आजको पछौटेपनको मूल कारक हुने होइन, किनकि कर्जाको चलायमानको मूल अभिप्रेरणा व्याज पनि एक किसिमको बहाल नै हो ।

पुस्तकमा बिर्ता, जागिर, गुठी र रकम जस्ता भूमि व्यवस्थापनका तरिकाहरू मुलुक एकीकरण देखिनै चलनमा रहेको तथ्यमाथि विवेचना गरिएको छ । सैन्य र प्रशासनिक खर्च धान्न जमिनले त्यो बखतदेखि नै भूमिका खेलेको कुरा भने प्रस्ट छ । राणा शासनका १०४ वर्षमा पनि काठमाडौँमा केही सीमित विकास र सत्तालाई दिगो बनाइराख्न आएका आवरणकारी परिवर्तन बाहेक औद्योगीकरण र आधुनिकीकरणका विश्वव्यापी चलनहरू नेपालभरि भित्रिएनन् । काठमाडौँ नै नेपाल हो भन्ने मानसिकता पनि झन् मौलायो । लेखकले इतिहासको वर्णन गर्दा स्रोतको उपभोग र भौगोलिक विकटतालाई त्यति ध्यान दिएका छैनन् । भूगोल, राजनीति र प्रशासनका अत्यन्तै जटिल तत्त्वहरूको कारक (कज्यालिटी) लाई अझ गहन र विस्तृत विश्लेषण गरेको भए लेखकका तर्कहरू बढी सारपूर्ण हुन सक्थे ।

जातीयता र बजारको सम्बन्धबारे ऐतिहासिक पृष्ठभूमि दिन विभिन्न जातका आधारमा कामको वर्गीकरण गर्ने पुरानो चलनको अवशेष वर्तमानसम्म पनि कायम रहेको सन्दर्भ पुस्तकमा कोट्याइएको छ । यसले नेपाली समाज र अर्थ-राजनीतिमा "उच्च" जातीय ब्राह्मण-क्षत्रीको वर्चस्वको मिहिन छाप छोडेको छ । साथै, थुप्रै विकृतिलाई पनि यसले जन्म दिएको छ भन्ने कुरा पुष्टि गर्न सरकार, बजार र समाजका अन्य निर्णायक अंगमा रहेको "उच्च" जातीय प्रभुत्वलाई केलाए पुग्छ । संसार भरका परिवर्तनका बहावहरू नेपालमा ढिलो भित्रिने गरेकोले हाम्रो पछौटेपनलाई बढावा दिएको लेखकको ठम्याइ छ । तर, प्रविधि भित्रिनेभन्दा पनि यसको आम उपभोग (मास एडप्शन) र अत्यावश्यक प्रयोग (क्रिटिकल युसेज) महत्त्वपूर्ण हुन्छ । अन्य मुलुकहरू नयाँ-नयाँ प्रशासनिक संरचनामा जाँदा हाम्रो भने यसतर्फ पर्याप्त ध्यान जान सकेको छैन । उदाहरणको लागि, राष्ट्रिय मौद्रिक नीति अवलम्बन गर्न २०१२ सालमा नेपाल राष्ट्र बैंकको स्थापना भए तापनि यो संस्थाले आफ्नो भूमिका राम्ररी निभाउन सकेको छैन । यसको कमजोर पक्ष केलाउन नेपाली रुपैयाँ र भारतीय रुपैयाँको क्रमश: १.६ बराबर १ को स्थिर सटही दरलाई हेरे पुग्छ । राष्ट्रिय मौद्रिक नीति निर्धारण गर्न यस्तो खालको सटहीले नेपाल राष्ट्र बैंकको भूमिका संकुचित रहेको पुष्टि गर्छ । बजारमा मूल्य नियन्त्रणमा पनि राष्ट्र बैंक एकदमै कमजोर देखिएको छ, तर यसका पछाडि संरचनागत कारणहरू पनि छन् । जस्तो कि, भारत र नेपालबीच हुने

दैनिक अर्बौंको मुद्राको कारोबारले पनि राष्ट्र बैंकको भूमिकालाई मत्थर पारेको छ भन्ने लेखकको ठम्याइ छ ।

पुस्तकको दोस्रो भागमा २०४६ सालको आन्दोलन पश्चात् नेपालले लागू गरेको उदारीकरण र निजीकरणले अर्थतन्त्रमा खेलेको भूमिका र भूमण्डलीकरणले नागरिकको जीवनमा खोलेको सम्भावना र ल्याएका असरलाई केलाउने प्रयास गरिएको छ । प्रविधिको विकासले सञ्चारमा आमूल परिवर्तन ल्याएको छ, र अझै ल्याउँदै छ । चिठी मार्फत हुने सञ्चार अहिले स्मार्टफोन र इन्टरनेटका सामाजिक सञ्जालमा फैलिएको छ । त्यसै गरी बैंकिङ पनि छरितो र व्यापक बनेको छ । किनमेल र उपभोक्ताका आवश्यकतालाई बजारले प्रभावित गरेपछि सरकारसामु दायित्वको चाङ थपिँदो छ । मनोरञ्जनका आयामहरू समेत व्यापक भएका छन्, जसले आम मानिसका आकांक्षा चुल्याइदिएको छ । फलस्वरूप, समाजमा पैसा-केन्द्रित सफलताले महत्त्व पाएको छ । लेखकले सुखभोगका यी नयाँ रूपहरूबारे चर्चा गरेका छन् । परिवारका उपभोग्य सामग्री र सेवाको सूची पनि लामो हुँदै गएकाले यसले तँछाडमछाडको विकृतिलाई प्रोत्साहन गरेको कुरा नेपालमा मात्रै नभएर संसारभर कायम छ । सरकार र बजारलाई समेत त्यस्ता सामग्री र सेवा उपलब्ध गराउन चुनौती देखिएको मान्न सकिन्छ । बजारमा लगानी बढेको त छ, सँगसँगै त्यहाँ पहुँचवालाको पकडले गर्दा आर्थिक रूपमा कमजोर वर्ग वा समुदायलाई सीमान्तकृत गर्ने एउटा मानक पनि तयार हुँदै गरेको बुझ्न सकिन्छ ।

दोस्रो भाग अन्तर्गत "छयालीसदेखि चौहत्तरसम्मको अर्थतन्त्र" शीर्षकको तेस्रो खण्डमा वि.सं. २०४६ पछिको उदारीकरणले अर्थतन्त्रका वित्तीय क्षेत्रमा भने सकारात्मक भूमिका खेलेको र सरकारी स्वामित्वले कजाएको बैंकिङ क्षेत्र प्रतिस्पर्धात्मक बनेर छरितो सेवा प्रदान गर्न सफल भएको लेखकको तर्क छ । त्यसै बीचमा शीतयुद्धका बाध्यताबीच चालिएका उदारीकरणका नीतिहरूमाझ अन्त्यहीन राजनीतिक अस्थिरता पनि शुरू भयो । आन्दोलन पछिका केही वर्षमा राम्रो आर्थिक वृद्धिदर हासिल भए पनि सरकारको अस्थिरताले गर्दा विकासका योजना र कार्यक्रम अगाडि बढ्न सकेनन् । विद्यार्थी र मजदुर संगठनमा चरम राजनीतीकरण हावी हुनाले बजार पनि संकुचन भएको लेखकको विचार अहिले पनि उत्तिकै सान्दर्भिक छ । "मजदुर युनियनहरू दलहरूका लागि राजनीतिक ताकत प्राप्त गर्ने र असहमतिलाई बाहिर ल्याउने माध्यम मात्र बनिरहे । नेपाली अर्थतन्त्रले भने त्यसको ठूलो मूल्य चुकाउनु पर्‍यो । यसले स्वदेशी र विदेशी लगानीमै प्रतिकूल असर पर्‍यो । नेपालमा व्यापार व्यवसाय गर्नेहरूका लागि यो मुख्य चासोको विषय बन्न पुग्यो" (पृ. ९१–९२) । "नेपाल बन्द" को संस्कृति मौलाउनुले पनि अर्थतन्त्रलाई धेरै असर गरेको देखिन्छ, तर यसको सामाजिक पक्षबारे भने लेखकले ठोस निष्कर्ष निकालेका छैनन् । पूर्वाधारको कमी, सन् १९९९ मा भएको इन्डियन एयरलाइन्सको जहाज अपहरण र माओवादी सशस्त्र विद्रोह

जस्ता कारणले पर्यटन क्षेत्र धराशयी भएको र केही आयोजना बाहेक जलविद्युतको क्षेत्रमा पनि लगानीमैत्री वातावरणको अभाव, राजनीतिक खिचातानी र सरकारी अकर्मण्यताका कारण ठोस प्रगति हुन नसकेको राय तार्किक मान्न सकिन्छ । लेखकले उदारीकरणको अवलम्बनका जटिलतालाई भन्दा क्षेत्रगत रूपमा सम्बन्धित नीति वर्णन गरेका छन् ।

निजी क्षेत्रको दोहोरो चरित्रलाई दोष देखाउँदै यसको भूमिकाको परिवर्तनमा पुस्तकको "निजी क्षेत्र" खण्डले जोड दिइएको छ । वि.सं. २०४६ सालपछि आएको नयाँ परिवेशमा निजी क्षेत्रले कैयन गल्तीहरूलाई कायमै राखेको छ । उदार अर्थतन्त्रमा खुला प्रतिष्पर्धा हुनुपर्नेमा निजी क्षेत्रले आफ्नो स्वार्थलाई केन्द्रबिन्दुमा राखी राजनितिक स्वार्थ समूहसँग साँठगाँठ गर्ने, बजारमा आफ्नो प्रभुत्व कायम राख्न सिन्डिकेट र कार्टेलिङलाई बढावा दिने तथा सरकारलाई बजार नियमनका अत्यावश्यक कार्यमा समेत निरुत्साहित गर्ने जस्ता कार्यले बजारका मूल्य-मान्यता समेत धरापमा परेको छ । आवश्यक नियमन र नियन्त्रण गर्न नसक्ने राज्य पक्ष पनि यस कमजोरीका लागि झन् बढी जिम्मेवार छ, जुन कुरा लेखकले दह्रोसँग उठाएका छैनन् । व्यापारमा मात्र ध्यान दिएर औद्योगीकरणलाई बेवास्ता गर्नुले राष्ट्रिय परनिर्भरतालाई झन् कसिलो र पेचिलो बनाएको छ । एकतर्फ यसरी सरकारको भूमिका संकुचन भएको छ भने अर्कोतर्फ ठूलो मात्रामा माग हुने इन्धन जस्तो कुरामा चाहिँ नेपाल आयल निगम जस्तो सरकारी स्वामित्वको एकाधिकार कायम छ । यसले बजारका नियमहरू मिचिएको र लगानी सुरक्षणको वातावरण खल्बलिएको लेखकको ठम्याइ सही हो । वित्तीय क्षेत्रमा आएका उल्लेखनीय सुधारलाई सम्झाउँदै निजी क्षेत्रले आफ्नो मात्र स्वार्थ हेरी छिटो फाइदाका लागि सोच्नेभन्दा स्वस्थ प्रतिस्पर्धालाई बढावा दिने आफ्नो भूमिका ख्याल गर्नुपर्ने लेखकको मत छ । सँगसँगै निजी क्षेत्रलाई उचित प्रोत्साहनको जरुरत रहेको पनि उनले औँल्याएका छन् ।

नेपालको सरकारी र निजी क्षेत्रमा केही विकासे चिन्तन व्याप्त छन् । जस्तो कि, वैदेशिक सहयोगबिना केही गर्न सकिँदैन । सन् १९५१ मा त्यस बखतको दुई हजार अमेरिकी डलरको पहिलो सहयोगपछि सरकारको बजेटको ठूलो हिस्सा वर्षैपिच्छे वैदेशिक अनुदान र ऋणमा निर्भर रहँदै आएको छ । यसले विकास गर्नका लागि दातृ राष्ट्र र निकायहरूकै मुख ताक्नुपर्छ भन्ने मानसिकतालाई बढी प्रगाढ बनाएको छ । लेखकले सहयोगको नियमन र प्रभावकारितालाई केलाउने खाका वा अवधारणाको आवश्यकता औंल्याएका छन् । लेखकका अनुसार यस्तो खालको परनिर्भरताले सरकारले तत्कालै र दीर्घकालमा गर्न सकिने प्रयासहरू समेत ओझेलमा परेका छन् । विदेशी सहयोगको रकमलाई प्रत्येक वर्षको बजेटमा उल्लेख्य जोड दिनुले सरकारी उत्तरदायित्वको क्षयीकरण र पन्छिने आधार दिएको बताइरहँदा सहयोगको स्वरूप कस्तो हुनुपर्छ भन्नेबारे भने लेखकले विस्तृत खुलाएका छैनन् । यति मात्र नभई विकास भनेको केही पश्चिमा देशको सिको गर्नु हो भन्नेसम्म सन्देश गएको छ ।

नेपालका मौलिक विशेषताहरू र भूराजनीतिक बाध्यताहरू नकेलाइकन कोरिएका विकासे खाकाले देश गन्जागोलको चक्रव्यूहमा फसेको छ । के विकास भनेको विदेशी सहयोगले थालिएका केही योजनाहरूको अधकल्चो कार्यान्वयन मात्रै हो त ? अघिल्ला दशकमा सरकारलाई आउने सहयोग अहिले स्थानान्तरण भएर राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा भित्रिनुले पढेलेखेका समाजको एउटा ठूलो तप्का सजिलो जागिरमा लालायित भएको भन्ने भनाइमाथि तथ्यगत आलोचना गर्न लेखक चुकेका छन् । केही असल उद्देश्य सहित सकारात्मक कामहरू भए तापनि यसरी भित्रिएको रकमको दुरुपयोगले लक्षित जनता भने खासै लाभान्वित हुन नसकेको लेखकको ठम्याइ छ ।

"सुशासन र आधारभूत सेवा" खण्डमा लेखकले नेपालको वर्तमान र विगतको सरकार सुशासनका विभिन्न आयामहरूमा धेरै नै चुकेको विषयमा छलफल गरेका छन् । नियम कानून पारित भए पनि तिनको कार्यान्वयन भने प्रभावकारी हुन सकेको छैन । शिक्षा र प्रशासनका सबैजसो पेशा र व्यवसायमा राजनीतीकरण व्याप्त छ । सीमित स्वार्थ समूहको पकडमा रहेका त्यस्ता सञ्जालले सरकारले जनताप्रति उत्तरदायी हुनुपर्ने विषयमा ठूलै जटिलता खडा गरेका छन् । प्रशासन संयन्त्र एकदमै फितलो र अनुत्तरदायी हुनुले जनताको शिक्षा र स्वास्थ्यको क्षेत्रमा देखिएका विकृतिले देशको अर्थतन्त्रलाई झन् विकराल बनाएको छ । मेडिकल कलेजहरूले छिटो मुनाफा पाउन राजनीतिक सुरक्षणको भरमा नियम नै उल्लंघन गरेर पठनपाठन गरेका दृष्टान्त प्रस्तुत गरिएको छ । शिक्षण संस्थाहरू बजारमा आवश्यक ज्ञान र सीप उपलब्ध गराउने संस्थाका रूपमा विकास हुनुको साटो व्यापारको साधन भइरहेका छन् । तर, यी समस्याहरूको मूल स्रोत भने अन्ततः राष्ट्रिय अर्थतन्त्रको अल्पविकास नै हो भन्ने राय लेखक प्रस्तुत गर्छन् ।

"द्वन्द्वको अर्थशास्त्र" खण्डमा अहिलेको विषम परिस्थिति बुझ्न १० वर्षे माओवादी "जनयुद्ध" लाई केलाउन आवश्यक रहेको लेखक बताउँछन् । यो अवधिमा मानवीय क्षतिसँगै प्राकृतिक स्रोतको दोहन, पूर्वाधारको विनास र प्रशासनिक संयन्त्रमा अस्तव्यस्तता बढ्यो । फलस्वरूप, अर्थतन्त्र ओरालो लाग्यो र वृद्धि दर १–२ प्रतिशतमा सीमित भई जनसंख्या वृद्धि दरको अनुपातमा ऋणात्मक हुन पुग्यो । लेखक यसले दूरगामी विकासका योजनाहरूमा प्रत्यक्ष असर परेको ठान्छन् । तर, यसको सामाजिक र सांस्कृतिक पक्षलाई भने मूल कारकको रूपमा व्याख्या गरेका छैनन् । यसको निराकरणका लागि नागरिक स्तर र सरकार स्तरमा तत्कालै चालिनुपर्ने कदमबारे लेखकले जोड दिएका छन् ।

लेखक वैदेशिक कामदारका रूपमा बाहिरिने युवाको समस्यातर्फ पनि सरकारको ध्यानाकर्षण गराउँछन् । "रेमिट्यान्स अर्थतन्त्रको उदय" शीर्षकको आठौँ खण्डमा कामदारमाथि हुने ठगी र चर्को व्याज दर सहितको ऋण र त्यो चुक्ता गर्न पर्याप्त आम्दानी नहुँदा घरबार नै गुमाउनुपर्ने जस्ता कामदारका समस्या उठाइएको छ । ती समस्या समाधान

गर्न सरकारले कडा कानून अवलम्बन गर्नुपर्ने लेखकको सुझाव छ । अर्थशास्त्रीय मान्यता अनुरूप विदेशिनु कामको उचित बाँडफाँड (अप्टिमल एलोकेशन अफ लेबर) हो भन्ने कुरामा लेखकले व्याख्या गरेका छैनन् । यो मान्यता अनुसार रोजगारका लागि विदेशिनुलाई सकारात्मक तवरले हेरिन्छ, तर यस मान्यताले कामदारका सामाजिक समस्यालाई मूर्त रूपले सम्बोधन गर्दैन ।

भाग तीनमा अर्थतन्त्रलाई सुधारोन्मुख बाटोमा लैजान लेखकले समाधानका उपायहरू पेश गरेका छन् । जसरी मापसे (मादक पदार्थ नियन्त्रण) अभियानले अत्याधिक दुर्घटना रोक्न सफल भयो, त्यस्तै कृजपसे (कृषि, जलविद्युत, पर्यटन र सेवामा युवा) को सुधार अभियानले गरीबी र पछौटेपनबाट देशलाई मुक्त गर्नसक्छ भनी लेखकले यी सन्दर्भमा महत्त्वपूर्ण सुझावहरू पेश गरेका छन् । लेखक कृषिमा आपूर्ति साङ्लोलाई बिचौलियाको पकडबाट मुक्त गर्नुपर्नेमा जोड दिन्छन् । यसले कृषि क्षेत्रको लाभ किसान समक्ष पुऱ्याई यो क्षेत्रको दीगो उन्नतिको लागि सहयोग गर्दछ । "सार्वजनिक-निजी साझेदारी (पीपीपी) को अवधारणामा समुदायलाई पनि जोड्न जरुरी छ । अब पीपीपी होइन, पीपीसीपी [प्राइभेट पब्लिक कम्युनिटि पार्टनरशिप] बनाउनुपर्छ" (पृ. २५७) । तर, देशलाई संवृद्धितर्फ डोऱ्याउन यस्ता कार्यक्रमका साथै ठूलो पूँजी चलायमानमा समेत ध्यान दिनुपर्ने हुन्छ । यस खालको पूँजी संकलन कसरी गर्नेबारे लेखकले राम्ररी वर्णन गरेका छैनन् ।

समग्रमा, *अर्थात् अर्थतन्त्र* पुस्तकले वर्तमान नेपालको अवस्थाका अर्थ-सामाजिक समस्याहरू समाधान गर्न इतिहासका महत्त्वपूर्ण घटनालाई केलाउने प्रयास गरेको छ । भारत र चीन सँगको वैदेशिक नीतिबारे भने पुस्तकमा खासै चर्चा छैन । ठूला र शक्तिशाली मुलुक भारत र चीन सँगको कूटनीतिक कदमले नेपालको आर्थिक दिशामा प्रत्यक्ष असर पार्ने भएकोले यो आयाम पनि उत्तिकै महत्त्वपूर्ण छ । आर्थिक उन्नतिमा ध्यान दिनुपर्ने जनताका चाहनाको सम्बोधनका लागि राजनीतिज्ञ, कर्मचारी र निजी क्षेत्रका हर्ताकर्ताले यो पुस्तक पढ्न आवश्यक छ । साथै, सरल भाषामा लेखिएको यो पुस्तक नेपालको अर्थतन्त्रबारे बुझ्न सामान्य पाठकका लागि पनि उत्तिकै उपयोगी छ । केही सूचकांकहरूलाई तालिकामा प्रस्तुत गरेको भए पाठकलाई लेखकका भनाइ बुझ्न झन् सजिलो हुने थियो । भूगोल र भू-राजनीतिको अन्तरसम्बन्धलाई अझ बढी नियाल्न सकेको भए पुस्तक झन् पठनयोग्य हुने थियो । लेखकले अर्थशास्त्रका फलामे सूत्र र नियमहरूका आधारमा मात्रै अर्थतन्त्रलाई नियालेका छैनन्, जस्तो कि बेरोजगारीलाई पूँजीको प्रयोगको दृष्टिकोणबाट मात्रै नहेरेर लेखकले यसका सामाजिक तत्त्वहरूबारे पनि महत्त्वपूर्ण व्याख्या गरेका छन् । साथै, पुस्तकले अन्य अर्थ-सामाजिक र अर्थ-राजनीतिक पक्षहरूलाई पनि राम्ररी समेटेको छ ।

**नरेश न्यौपाने**
काठमाडौँ